**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मु ले आज नयाँ दिल्लीमा केंद्रीय सतर्कता आयोग- सी.वी.सी. को सतर्कता जागरुकता सप्ताह समारोहलाई संबोधित गर्नुहुनेछ।

२. भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमंत्री नरेन्द्र मोदी ले आज महाराष्ट्रमा चुनावी जनसभाहरुलाई संबोधित गर्नुहुनेछ।

३. बिहारमा, लोक आस्थाको महापर्व-छठ श्रद्धापूर्वक मनाइन्दै छ। आज उदीयमान सूर्य लाई अर्घ्य दिनका लागी लाखों श्रद्धालु हरु राज्य भरिका विभिन्न छठ घाटहरुमा एत्रित भएका थिए।

४. विदेश मंत्री डॉ. एस जयशंकर यात्राको दोस्रो चरणका लागी आज सिंगापुर जानुहुनेछ।

५. निर्वाचन आयोगले सबै राजनीतिक दलहरुलाई झारखंडमा विधानसभा चुनावको प्रचार अवधि आदर्श आचार संहिताको पालन गर्न निर्देश दिएको छ।

**राष्ट्रपति-सतर्कता सप्ताह**

राष्ट्रपति द्रौपदी मुर्मु ले आज नयाँ दिल्लीमा केंद्रीय सतर्कता आयोग- सी.वी.सी. को सतर्कता जागरुकता सप्ताह समारोहलाई संबोधित गर्नुहुनेछ। प्रतेक वर्ष सरदार वल्लभभाई पटेलको जयंती भएको सप्ताह सतर्कता जागरुकता सप्ताहको रूपमा मनायिन्छ। यस वर्ष यो आयोजन 28 अक्टूबर देखि 3 नोबेम्बर सम्म पालन गरियो। यसको विषय - **सत्यनिष्ठाको संस्कृति बाट राष्ट्रको समृद्धि थियो**। सतर्कता जागरुकता सप्ताह संग संगै, सी.वी.सी. ले तीन महिनाको **निवारक सतर्कता अभियान** पनि आयोजित गर्दाछ जसमा केंद्र सरकारका सबै मंत्रालय, विभाग अनि संगठन शामिल हुन्छन। यो अभियान 16 अगस्त देखि 15 नोबेम्बर सम्म आयोजित गरिन्छ। कार्यक्रम अवधि केंद्रीय सतर्कता आयोग द्वारा तैयार गरिएको तीन वटा पुस्तिकाहरु पनि प्रकासित गरिने छ। यस अवसरमा डाक विभाग द्वारा एक विशेष कवर पनि जारी गरिने सम्भावना छ ।

****** ० ******

**पीएम-महाराष्ट्र प्रचार**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमंत्री नरेन्द्र मोदी ले आज महाराष्ट्रमा चुनावी जनसभाहरुलाई संबोधित गर्नुहुनेछ। श्री मोदीले एक सोशल मीडिया पोस्टमा उहाँले आज धुले अनि नासिकको जनसभामा सहभागी भइ जनताको आशीर्वाद लिने बताउनु भएको छ। उहाँले विधानसभा चुनावमा महाराष्ट्रको जनताले राष्ट्रीय जनतांत्रिक गठबंधनका प्रत्याशिहरुलाई अभूतपूर्व जीत सुनिश्चित गर्नेछन् भनी विश्वास व्यक्त गर्नु भएको छ।

****** ० ******

**छठ पूजा**

बिहारमा, लोक आस्थाको महापर्व-छठ श्रद्धापूर्वक मनाइन्दै छ। आज उदीयमान सूर्य लाई अर्घ्य दिनका लागी लाखों श्रद्धालु हरु राज्य भरिका विभिन्न छठ घाटहरुमा एत्रित भएका थिए। गंगा, गंडक, कोसी, महानंदा, बागमती अनि अन्य नदिहरुको तटमा धेरै संख्यामा श्रद्धालुहरुले सूर्य देव लाई अर्घ्य दिए। श्रद्धालुहरु विहान देखिनै सूर्य देव अनि छठी मैयालाई समर्पित पवित्र गीतहरु गाउदै छठ घाटमा पुगेका थिए। आज अर्घ दिनका साथसाथै राज्यमा चार दिवसीय त्योहारको समापन पनि भयो।

****** ० ******

**सैन्य सम्पदा उत्सव**

भारतीय सैन्य सम्पदाको दोस्रो वार्षिक उत्सव आज नयाँ दिल्लीमा सुरु हुँदैछ। दुई दिने यस महोत्सवको उद्देश्य भारतको राष्ट्रिय सुरक्षा, विदेश नीति, सैन्य इतिहास र सम्पदामा विश्व र भारतीय चिन्तकहरू, निगमहरू, सार्वजनिक र निजी क्षेत्रका उपक्रमहरू, गैर-लाभकारी संस्थाहरू र शिक्षाविद्हरूको ध्यान केन्द्रित गर्ने लक्ष्य राखिएको छ। तीनवटै सेनाका प्रमुखसहित सेना प्रमुख अनिल चौहानले महोत्सवको उद्घाटन गर्नेछन् । यस अवसरमा शौर्य गाथाको पनि शुभारम्भ गरिनेछ । शौर्य गाथा सैन्य मामिला विभाग अनि युनाइटेड सर्विस इन्स्टिच्युसन अफ इण्डियाको पहल हो जसले शिक्षा र पर्यटन मार्फत सैन्य सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य राख्छ।

****** ० ******

**दिल्ली प्रदुषण**

दिल्ली-एनसीआरमा वायुको गुणस्तर अत्यन्तै खराब श्रेणीमा पौगेको छ। केन्द्रीय प्रदूषण नियन्त्रण बोर्ड (CPCB) अनुसार आज बिहान राष्ट्रिय राजधानीमा वायु गुणस्तर सूचकांक (AQI) 384 रिपोर्ट गरिएको थियो। भारत मौसम विज्ञान विभाग (आईएमडी) ले आगामी २-३ दिनमा दिल्ली र एनसीआरमा बिहान र बेलुका को समयमा धुवाँ र कुहिरोको अनुभव गर्ने सम्भावना रहेको बताएको छ।

CPCB को तथ्याङ्क अनुसार, शहरका केही भागहरूमा AQI 400 पार गर्दै गम्भीर स्तरमा पुग्यो। आनन्द विहारमा 416 AQI रेकर्ड गरियो, रोहिणीमा 440 रेकर्ड गरिएको छ अशोक विहार 420 अनि नयाँ मोती बागमा 429, पंजाबी बागमा 405 र नेहरू नगरमा 412 रेकर्ड गरिएको छ।

**जयशंकर-सिंगापुर**

विदेश मंत्री डॉ. एस जयशंकर यात्राको दोस्रो चरणका लागी आज सिंगापुर जानुहुनेछ। उहाँ 3 देखि 8 नोबेम्बर सम्म ऑस्ट्रेलिया अनि सिंगापुरको यात्रामा हुनुहुन्छ। उहाँले थिंक टैंक को आसियान-भारत नेटवर्कको 8ओ गोलमेज सम्मेलनलाई संबोधित गर्नुहुनेछ । दक्षिण-पूर्व एशियाई देशहरुका संगठन-आसियानमा इंडोनेशिया, सिंगापुर, फिलीपींस, मलेशिया, ब्रुनेई, थाईलैंड, कंबोडिया, लाओस, म्यांमार अनि वियतनाम शामिल छन्। आसियान सँग भारतको मजबूत अनि बहुआयामी संबंध छ जो एक्ट ईस्ट पॉलिसीको माध्यम बाट व्यक्त हुदछ। डॉ. जयशंकरले दुवै देश बीच घनिष्ठ साझेदारीको समीक्षा गर्न अनि द्विपक्षीय संबंधलाई अझै सुदृिड बनाउन सिंगापुरका नेताहरु सँग पनि भेटघाट गर्नुहुनेछ । भारत अनि सिंगापुर बीच घनिष्ठ द्विपक्षीय संबंध छ। 1990को प्रारम्भमा लुक ईस्ट पॉलिसीको सुरुवात पछि सिंगापुरले भारतलाई दक्षिण पूर्व एशियाका देशहरु सँग जोड़नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। सिंगापुरमा भारतीय समुदायको महत्वपूर्ण उपस्थिति छ |

****** ० ******

**बिडेन-सत्ता हस्तांतरण**

निवर्तमान अमरीकी राष्ट्रपति जो बिडेन ले 20 जनवरी, 2025 मा सत्ताको शांतिपूर्ण अनि व्यवस्थित हस्तांतरण सुनिश्चित गर्ने कुरा गर्नुभएको छ । त्यहि दिन डोनाल्ड ट्रम्प ले देशको 47ओं राष्ट्रपतिको रूपमा शपथ लिनुहुनेछ । श्री जो बिडेनले लोकतंत्रमा जनताको इच्छा जहिले पनि सबै भन्दा माथी रहेको बताउनुभएको छ। डेमोक्रेटिक पार्टीकी उम्मीदवार उपराष्ट्रपति कमला हैरिसलाई पराजित गरेपछि 78 वर्षीय ट्रम्प अमरीकाको 47ओ राष्ट्रपतिको रूपमा फेरी निर्वाचित भएको एक दिन पछि बिडेनले राष्ट्रको नाम एक संबोधन अवधि यो कुरा बताउनु भएको हो । श्री बिडेनले श्री ट्रम्प अनि उपराष्ट्रपति हैरिस सँग कुराकानी गरेको, जसले एक प्रेरणादायक चुनाव अभियान चलाएका थिए।

****** ० ******

**ब्रिटेन प्रतिबन्ध-रूस**

ब्रिटेनले रूससँगको युद्धमा अत्यावश्यक सैन्य उपकरणको आपूर्ति रोक्न रुसको सैन्य-औद्योगिक परिसरमा ५६ वटा नयाँ प्रतिबन्ध लगाएको छ। यसलाई गत वर्ष मई महिनायता राष्ट्रपति भ्लादिमिर पुटिनको युद्ध मेसिनमा लक्षित सबैभन्दा ठूलो प्याकेजको रूपमा वर्णन गरिएको छ। नयाँ लक्ष्यहरूमा रूसको सैन्य उत्पादनलाई समर्थन गर्ने आपूर्तिकर्ताहरू, अफ्रिकाको सहारा वरपरको क्षेत्रमा सक्रिय रुसी समर्थित भाडा समूहहरू र ब्रिटेनको सैलिसबरी शहरमा नोविचोक तंत्रिका एजेन्टको प्रयोगमा संलग्न जी आर यु रूसी जासूस एजेन्टहरू समावेश छन्।

****** ० ******

**झारखंड-निर्वाचन आयोग**

निर्वाचन आयोगले सबै राजनीतिक दलहरुलाई झारखंडमा विधानसभा चुनावको प्रचार अवधि आदर्श आचार संहिताको पालन गर्न निर्देश दिएको छ। रांचीमा विभिन्न दलहरुको प्रतिनिधिहरु सँगको एक बैठकमा राज्यका मुख्य निर्वाचन अधिकारी **के. रवि कुमार** ले मतदाताहरुलाई झूटो आस्वासन दिएर तिनीहरुलाई गुमराह गर्न बाट बच्ने सलाह दिनुभएको छ। उहाँले चुनावी सभा अवधि व्यक्तिगत रुमा टिप्पणी गर्न बाट बच्ने सलाह पनि दिनुभएको छ। मुख्य निर्वाचन अधिकारीले प्रचार अवधि अभद्र भाषाको प्रयोग नगर्ने पनि बताउनुभएको छ। श्री कुमार ले राजनैतिक दलहरु आदर्श आचार संहिताको पालन गर्न बाध्य रहेको, कारण आयोगले यसलाई राजनीतिक दलहरु अनि अन्य संबंधित पक्षहरु सँगको व्यापक परामर्श पछि तैयार गरेको बतानुभएको छ ।

****** ० ******

**अरुणाचल रक्तदान**

अरुणाचल प्रदेशमा राजीव गांधी विश्वविद्यालय दोईमुखले हिज विश्व शिशु दिवसको उपलक्ष्यमा रक्तदान शिविरको सफलतापूर्वक आयोजन गर्यो। टोमो रीबा इंस्टीट्यूट ऑफ हेल्थ एंड मेडिकल साइंसेज (टीआरआईएचएमएस) को सहयोगमा विश्वविद्यालयका एनएसएस अनि एनसीसी सेल द्वारा आयोजित यस कार्यक्रममा छात्रहरु साथै अन्य मानिसहरुको विशेष भागीदारीले 100 यूनिट रक्त एकत्र गर्ने आफ्नु लक्ष्य प्राप्त गर्यो।

****** ० ******

**कोरिया ओपन बैडमिंटन**

बैडमिंटनमा, भारतका किरण जॉर्जले आज इक्सान शहरमा कोरिया मास्टर्स टूर्नामेंटको पुरुष सिंग्लसको क्वार्टर फाइनलमा जापानको **ताकुमा ओबायाशी** सँग खेल्ने छन्। जॉर्ज ले हिज प्री-क्वार्टर फाइनलमा ताइवानका **ची यू-जेन** लाई 21-17, 19-21, 21-17 को अन्तरले पराजित गरेका थिए। उनि टूर्नामेंटमा भाग लिने एक्लो भारतीय खिलाड़ी हुन्।

****** ० ******

**क्रिकेट टी-20**

भारत अनि दक्षिण अफ्रीका बीच चार टी-20 क्रिकेट मैचको श्रृंखलाको पहिलो मैच आज डरबनको किंग्समीडमा खेलिने छ। मैच भारतीय समयानुसार बेलुका 8:30 बजी बाट शुरू हुनेछ। दोस्रो मैच आइतबार गकेबेराको सेंट जॉर्ज पार्कमा खेलिने छ। तेस्रो मैच सेंचुरियनमा, अनि चौथा तथा अंतिम मैच जोहान्सबर्गमा खेलिने छ।  भारतले आफ्नु अंतिम टी-20 श्रृंखला बांग्लादेश विरुद्ध तीन-शून्यले जितेको थियो। भारत वर्तमान समयमा आईसीसी पुरुष टी20 रैंकिंगमा शीर्ष स्थानमा छ जबकि दक्षिण अफ्रीका छैठौं स्थानमा छ।

****** ० ******

**अर्जुन एरिगेसी रैंकिंग**

भारतका उदाउँदो शतरंज अर्थात् चेस खेलाडी अर्जुन एरिगैसीले हिजो चेन्नई ग्रान्ड मास्टर्समा एलेक्सी सरानालाई तेस्रो राउण्डमा पराजित गर्दै फिडे विश्व शतरंज वरियतामा दोस्रो स्थानमा उक्लिएर इतिहास रचेका छन्। यो उल्लेखनीय उपलब्धिले खेलमा २१ वर्षीय खेलाडीको तीव्र वृद्धिलाई झल्काउँछ। एरिगैसीको सराना विरुद्धको जितले उसको वरियतामा मात्रै वृद्धि भएन तर मास्टर्स विधामा पनि अग्रता दिलायो। तीन राउण्डको कडा प्रतिस्पर्धापछि अर्जुन अब इरानी ग्रान्डमास्टर अमिन तबताबाईसँग तालिकाको शीर्ष स्थानमा छन् ।  उनको जीतले विश्व शतरंजमा सबैभन्दा प्रतिभाशाली युवाहरू मध्ये एकको रूपमा उनको प्रतिष्ठालाई जोडेको छ।

****** ० ******

**मौसम**

मौसम विभागले आज तमिलनाडु, पुडुचेरी, कराईकल, केरल अनि माहेमा हावा हुण्डरी सहित चट्याङ साथै भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ।

****** ० ******